# आर्थिक वर्ष २०८३/८४ को

# बजेट वक्तव्य

सुनछहरी गाउँपालिका
पोवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# सुनछहरी गाउँपालिकाको गाउँसभाको २० औं अधिवेशनको बैठकमा मिति २०८३ साल असार १० गते बुधबार

## गाउँकार्यपालिका उपाध्यक्ष श्री ननकला घर्ती ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

**सुनछहरी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**पोवाङ,रोल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

**मिति:२०८३/०३/१०**

**गाउँसभाका सभाध्यक्ष महोदय,**

**यस गाउँसभाको बिसौँ अधिवेशनमा गाउँकार्यपालिकाको उपाध्यक्षको हैसियतले आगामी आ.व. २०८३/८४ को बजेट प्रस्तुत् गर्न उपस्थित भएको छु।**

**आर्थिक बर्ष २०८३/८४ को बजेट प्रस्तुत गरिरहदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना लागि समय- समयमा भएका राजनीतिक आन्दोलनहरु, महान जनयुद्ध, जन-आन्दोलन, विभिन्न समयमा भएका क्रान्तिहरु तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात - अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु । साथै घाइते आपांग र बेपत्ता नागरिकहरुलाई उहाँहरुले दिएको योगदानको उच्च प्रशंसा गर्दछु। लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली स्थापना गरी प्रत्यक्ष लोकतन्त्रको अनुभुति हुने स्वायत्त स्थानीय शासनको स्थापना गर्नमा हरेक तह र तप्काबाट योगदान दिनुहुने आम सुनछहरी बासी आमा, बुबा, दाजुभाइ ,दिदि, बहिनीहरु सम्पुर्णमा नमन गर्न चाहन्छु।**

**यस गरिमामय सभामा उपस्थित आमन्त्रित अतिथि गणहरु, पत्रकार, सुरक्षाकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण सुनछहरीबासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहान्छु। राज्यको सीमित स्रोत साधनको समुचित उपयोगबाट निरन्तर अगाडि बढ्दै विकासका आकांक्षाहरु पूरा गर्नु र विकासको मुल प्रवाहमा आउन नसकेका वर्गलाई विकास क्रियाकलापमा संलग्न गराई सन्तुलित विकास मार्फत स्थानीय सरकार प्राप्तिको अनुभुति नागरिकलाई गराउनु नै सुनछहरी गाउँपालिकाको प्रमुख जिम्मेवारी हो। यद्यपि भौगोलिक असहजता, गरिबी, अभाव, घरेलु हिंसा, अशिक्षा जस्ता थुप्रै समस्याहरु हुँदाहुँदै पनि प्राकृतिक सौन्दर्यता, विविधता र पछिल्लो समयमा देखिएको विकासक्रमले सकारात्मक सन्देश दिएको अवस्था छ । आगामी आ.व.को बजेटलाई आत्मनिर्भर तथा समृद्व सुनछहरी गाउँपालिका निर्माणको लागि कोषेढुङ्गा सावित हुने बजेटको रूपमा मैले लिएको छु।**

**गाउँसभाका सभाध्यक्ष महोदय,**

**अव म चालू आर्थिक बर्ष २०८२।८३ को बजेट कार्यन्वयनको समीक्षा संक्षेपमा प्रस्तुत् गर्ने अनुमति चाहन्छु।**

**मुलुकमा बढ्दै गएको आर्थिक संकटका कारण संघीय सरकारबाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताको रकम २६% ले कमी हुन आइ गाउँपालिकाका योजना तथा कार्यक्रमहरु कार्यान्वयन र भुक्तानीमा चुनौति सिर्जना भएपनि गाउँपालिकाबाट चालु आ.व. मा हुने भुक्तानीहरुलाई सहज बनाउने प्रयास भइरहेको यो गरिमामय सभामा जानकारी गराउन चाहान्छु ।**

**चालु आ व २०८२/८३ को अन्ततिर आउँदैगर्दा कुल विनियोजित बजेट ४६ करोड २ लाख ८२ हजार ९ सय ६३ मध्ये समग्रतामा करिब ६५ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। चालु तर्फ ६२ प्रतिशत र पुँजिगत तर्फ ६६ प्रतिशत साथै भौतिक प्रगतिका हिसावले करिव ७६ प्रतिशत पुगेको देखिन्छ। वार्षिक बजेटमा परेका अधिकांश योजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन् भने केहि अन्तिम चरणमा रहेका छन्।**

**गाउँसभाका सभाध्यक्ष महोदय,**

**विश्वव्यापी आर्थिक परिदृश्य तथा राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई स्थानीय अर्थतन्त्र समेत दबाबको स्थितिमा रहेको छ। हाम्रो गाउँपालिकाको दिगो र भरपर्दा आर्थिक स्रोतहरु नभएकोले गर्दा संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान र राजश्वबाट बजेट बिनियोजन गर्नुपरेको अबस्था छ।**

सुनछहरी गाउँपालिका भौगलिक रुपमा विकट, आर्थिक तथा सामाजिक रुपमा पछाडि र विकासको दृष्टिकोणले विस्तारै गुणात्मक फड्को लिइरहेको छ । यस स्थितिमा प्राप्त स्रोत र गाउँपालिकाको सामाजिक न्याय र समानता सहितको विकास ब्यबस्थापन गरी मानव संशाधन विकासमा गुणात्मकता हासिल गर्नु हाम्रो लागि चुनौतीको रुपमा रहेको छ।

आगामी आर्थिक बर्ष २०८३/०८४ मा मुलुकको अर्थतन्त्रमा गुणात्मक सुधार आइ गाउँपालिकाको आर्थिक विकासमा समेत थप अवसर सृजना हुने आशा लिएको छु।

सभाध्यक्ष महोदय,

माथि उल्लिखित चुनौती र अवसरलाई मनन् गर्दै "सुनौलो र सभ्य सुनछहरी: आत्मनिर्भर सुनछहरी" को सपना साकार पार्न आगामी आर्थिक बर्ष ८३/०८४ का बजेटका पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच आर्थिक सुधारका रणनितिहरु प्रस्तुत् गर्ने अनुमति चाहन्छु।

बजेटका पाँच उद्देश्य देहाय बमोजिम रहेका छन्-

(1) उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु,
(2) मानव संशाधनको विकास गर्नु,
(3) उपलब्ध स्रोत साधनको परिचालन मार्फत आर्थिक असमानता र गरीबी तथा बेरोजगारी न्यूनीकरण गर्नु,
(4) विकासमा समन्वय र सहकार्य मार्फत दिगो एवं गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्नु,
र
(5) सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासन कायम गर्नु,

**बजेटका पाँच प्राथमिकता देहाय बमोजिम तय गरेको छुः-**

1. **सामाजिक विकास समावेशीकरण भाषा संस्कृति जर्गेना**
2. **मानव विकासः अनिवार्य आधारभूत शिक्षा र गुणस्तरिय स्वास्थ्य**
3. **आर्थिक विकासः कृषि तथा पशु विकास उद्यम र पर्यटनको पर्वद्धन**
4. **पूर्वाधार विकासः सड्क पूर्वाधार, भवन तथा सार्वजनिक निर्माण**
5. **सुशासन तथा संस्थागत विकास**
   **र**
6. **वन तथा वातावरणः विपद् व्यवस्थापन, सामुदायिक तथा कबुलियति वनको संरक्षण,**

**अब म आर्थिक सुधारका पाँच रणनिति प्रस्तुत् गर्दछुः-**

**(1) आर्थिक विकासका क्षेत्रहरु कृषि,पशु,लघु उद्यम र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्दै नागरिकको आय तथा रोजगारीमा अभिवृद्धि गर्ने ।**

**(2) गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रको विकासका लागि स्रोत र साधनको अधिकतम परिचालन मार्फत मानव संशासन विकास गर्ने ।**

**(3) असमानता, विभेद र शोषणमूक्त समावेशी समाज निर्माण गर्न सहभागितामूलक शासन प्रणाली अबलम्बन गर्ने ।**

**(4) सन्तुलित र समावेशी विकास पद्दति अबलम्बन गर्ने । र**

**(5) सार्वजनिक प्रशासनको सुधार र सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम् प्रयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने,**

**गाउँसभाका सभाध्यक्ष महोदय,**

**बजेटले लिएका उद्देश्य, प्राथमिकता र रणनीतिहरु हासिल गर्न देहाय बमोजिमका सुधारका प्रस्तावहरु पेश गर्ने अनुमति चाहन्छु:-**

१. **आर्थिक बर्ष २०८३/०८४ को बजेट कार्यन्वयन योजना साउन मसान्तभित्रै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ ।**

२. **अन्तरसरकारी वित्त हस्तान्तरणमा तोकिए बमोजिम अनुदान प्राप्त गर्नका लागि संघ तथा प्रदेशसंग समन्वय गरिनेछ भने गाउँपालिकाको आन्तरिक श्रोतलाई प्रभावकारी रुपमा परिचालन तथा उपयोग गर्ने पद्दति अवलम्बन गरिनेछ ।**

३. **गाउँपालिका र वडाका कार्यक्रमहरुमा हुने प्रशासनिक खर्च मितव्ययी तथा मापदण्डमा आधारित बनाइनेछ ।**

४. **बजेट तथा कार्यक्रम कार्यन्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण उपलब्ध गराइनेछ ।**

**गाउँसभाका सभाध्यक्ष महोदय,**
**अब म आगामी आर्थिक बर्षको बजेटका मुख्य- मुख्य क्षेत्रगत कार्यक्रम र व्यय अनुमान विवरण प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।**

## कृषि तथा पशुपन्छी विकास

**परम्परागत कृषि प्रणालीलाई व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न हेफर नेपाल र गाउँपालिकाको बीच भएको सम्झौता नविकरण गरी आधुनिक र**

व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्न साझेदारीमा कार्यक्रम संचालन गरिनेछ । जसका लागि साझेदारी रकम रु ६० लाख विनियोजन गरेको छु ।

संघीय शसर्त अन्तर्गत कृषि तथा पशुपालन क्षेत्रमा व्यावसायिकता बढाउने विभिन्न कार्यक्रमहरुमा रु ३० लाख विनियोजन गरेको छु । भने गाउँपालिकाबाट कृषि तथा पशु शाखाको लागि रु १५/ १५ लाख विनियोजन गरेको छु ।

उत्पादनमा आधारित कृषक प्रोत्साहन अनुदान दिन रु १० लाख विनियोजन गरेको छु ।

### लघु उद्यम र पर्यटन

लघु उद्यम कार्यक्रम मार्फत युवाहरुमा सीप विकास र व्यावसायिकताको प्रवर्द्धन गर्नको लागि सशर्त अनुदानतर्फ रु ११ लाख र गाउँपालिकाबाट रु १० लाख साथै अन्य सिपमुलक तालिमको लागि रु २९ लाख गरी ५० लाख विनियोजन गरेको छु ।

### सहकारी, श्रम तथा रोजगारी

रोजगार आयोजना संचालनको लागि ज्याला वापत २० लाख ८४ हजार बिनियोजन गरेको छु ।

वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन SaMi Project सँगको साझेदारीमा विभिन्न कार्यक्रम तथा उद्यमशिलता तालिम संचालन गर्न रु ८ लाख बजेट विनियोजन गरेको छु ।

सहकारी सम्बन्धी तालिम प्रशिक्षण तथा सहकारी संस्थाहरुको सघन अनुगमन, निरीक्षण तथा मूल्याङ्कनका लागि रु ३ लाख बिनियोजन गरेको छु ।

## शिक्षा तथा खेलकुद

गाउँपालिकाको साझेदारीमा विद्यालय भवनहरु निर्माण गर्नको लागि संघीय सशर्त पूंजीगत अनुदान रु ३० लाख बजेट बिनियोजन गरेको छु ।

विज्ञान प्रयोगशाला, विद्यालयमा पुस्तकालय स्थापना  र अन्य सार्वजनिक सम्पतिहरुको निर्माण तथा मर्मत सम्भारका लागि आबश्यक बजेट ब्यबस्था मिलाएको छु ।

आधारभूत तहको दरबन्दिमा कार्यरत स्थायी,राहत शिक्षकका लागि तलब व्यवस्थापन गर्न ५ करोड ३ लाख र गापा अनुदान शिक्षकको लागि रु २ करोड ६० लाख व्यवस्था गरेको छु ।

माध्यमिक तह (९-१०)  र आधारभूत तह (६-८) मा  अंग्रेजी, गणित र विज्ञान बिषयमा  अनुदान शिक्षक, बाल विकास सहकर्ता र बिद्यालय कर्मचारी, निःशुल्क रुपमा पाठ्यपुस्तक ,कक्षा १-६ सम्मका बालबालिकाहरुका लागि दिवा खाजा ब्यबस्थापन र विद्यालय संचालन प्रशासनिक खर्च लगायतको व्यवस्थापनको लागि रु ५ करोड ९६ लाख संघीय सशर्त अन्तर्गत विनियोजन गरेको छु ।

सामुदायिक विद्यालयमा कक्षा १-१० सम्मको  अर्धबार्षिक तथा बार्षिक परीक्षा संचालन तथा ब्यबस्थापन गर्नका लागि रु १७ लाख बिनियोजन गरेको छु ।

कक्षा १-८ सम्मका छात्राहरु र दलित छात्राछात्रहरुलाई दिदै आएको छात्रवृतिलाई निरन्तरता दिएको छु ।

प्राविधिक शिक्षा र विषयगत उच्च शिक्षा अध्ययन गर्न ईच्छुक कार्यविधिले तोकेबमोजिमका लक्षित विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउन रु १० लाख बजेट बिनियोजन गरेको  छु ।

विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा ब्यबस्थापन गर्न र जिल्लामा सहभागी जनाउन रु १७ लाख बजेट बिनियोजन गरेको छु ।

कक्षा १- ८ को स्थानीय मगरखाम भाषाको पाठ्यपुस्तक छपाइका लागि रु १० लाख विनियोजन गरेको छु ।

सामुदायिक माध्यमिक विद्यालयमा अध्ययनरत बालिकाहरुलाई लक्षित गर्दै महिनावारीको समयमा प्रयोग गरिने स्यानिटरी प्याडको ब्यबस्था गर्न रु ९ लाख ९ हजार बजेट बिनियोजन गरेको छु ।

विद्यार्थीहरुको प्रतिभा पहिचान, उत्प्रेरणामुलक कार्यक्रम, अभिवाक सचेतना कार्यक्रम तथा विद्यालयको नियमिति अनुगमन निरीक्षणको लागि गाउँपालिकाबाट रु २० लाख बजेट बिनियोजन गरेको छु।

## स्वास्थ्य सरसफाई तथा बहुक्षेत्रीय पोषण

आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिबृद्बी गर्न उपचारात्मक, प्रबर्द्धनात्मक र निरोधात्मक कार्यक्रमहरु सञ्चालन गर्नको लागि संघीय सशर्त अनुदानबाट कार्यन्वन्यन हुने गरी आबश्यक बजेट बिनियोजन गरेको छु। स्वास्थ्य सेवामा कार्यरत स्थायी दरबन्दिका कर्मचारीको तलब भत्ताको लागि रु २ करोड ६९ लाख विनियोजन गरेको छु ।

निशुल्क औषधी वितरणका लागि संघीय सरकारबाट रु १० लाख ७४ हजार र गाउँपालिकाबाट रु १३ लाख गरी रु २३ लाख ७४ हजार बजेट ब्यबस्था गरेको छु ।

असाध्य रोगबाट पीडित नागरिकहरुलाई उपचार सहायताको लागि रु ६ लाख ५० हजार बिनियोजन गरेको छु ।

किशोरी अबस्थाका बालिकाहरुलाई शारीरिक र मानसिक स्वास्थ्य हेरचाह र सजगताका बारेमा जानकारी हासिल गराउन *किशोरीसंग उपाध्यक्ष कार्यक्रमका* लागि रु ४ लाख बिनियोजन गरेको छु ।

संघीय शसर्त अनुदानबाट कार्यन्वयन हुने गरी स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुको लागि रु ८२ लाख बजेट बिनियोजन गरेको छु ।

सुनछहरी गाउँपालिकाको स्वास्थ्य सेवाको प्रर्वद्धन गरी स्वास्थ्य क्षेत्रको गुणस्तर अभिवृद्धि गर्नको लागि संघीय विशेष अन्तर्गत रु १ करोड ४० लाख विनियोजन गरेको छु ।

बालबालिकाहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउनका साथै बहुक्षेत्रीय पोषण अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरु कार्यन्वयन गर्न संघीय सरकारबाट रु ३३ लाख गाउँपालिकाबाट रु ३ लाख बिनियोजन गरेको छु ।

आइपास नेपालको रु ४ लाख ८५ हजार ३ सय  बजेट कार्यान्वयन सम्बन्धित साझेदार संस्थाबाट हुने गरी बजेटमा समावेश गरेको छ ।

## महिला,बालबालिका तथा ज्येष्ठ नागरिक, सामाजिक सुरक्षा र संरक्षण

जातीय भेदभाव उन्मुलन, बालबिवाह न्यूनीकरणका लागि कार्यक्रम, महिलाहरुको सीप विकास , बालबालिका तथा जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणका लागि  महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको लागि संघ प्रदेश र गाउँपालिकाबाट रु ३२ लाख विनियोजन गरेको छ ।
सामाजिक सुरक्षा भत्ता तर्फ संघिय  सरकारबाट प्राप्त हुने रकम रु ९ करोड अनुमान  गरेको छू ।

## युवा तथा खेलकुद विकास

युवाहरुको आवश्यकतामा आधारित बहस पैरवी, युवाहरुसंग स्थानीय तह र युवाहरुको लागि सचेतनामूलक तथा क्षमता विकास कार्यक्रमहरु  साथै सुनछहरी कप प्रतियोगिता निरन्तरता दिन  आवश्यक बजेट बिनियोजन गरेको छ ।

## यातायात तथा पूर्वाधार विकास

संघीय समपुरक योजना अन्तर्गत गोल्जवाङ् माझिवाङ् ऐसलुखर्क ओखरेनी मोटरबाटो निर्माण योजना को लागि रु ३२ लाख ५० हजार विनियोजन गरेको छ ।

लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमबाट ७ वटै वडाका योजनाहरुमा रु ६० लाख  बिनियोजन गरेको छ  ।

प्रदेश सरकारको समपुरक योजना तर्फ राङ्सी डम्फु सड्क निर्माण योजनाका लागि रु १ करोड ८ लाख बिनियोजन गरेको छ ।

प्रदेश सरकारको विशेष योजना तर्फ आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको लागि रु २२ लाख विनियोजन गरेको छ ।

५ शैया अस्पताल भवन रु २५ लाख , सामुदायिक इकाई केन्द्र घुसवाङ्को भवन निर्माणको लागि रु. २० लाख , रेडक्रस अधुरो भवन निर्माण सम्पन्न गर्नका लागि २० लाख, गाजा बर्गो मोटरबाटो रु १० लाख, सहिद स्मृति पार्क तथा स्तम्भ निर्माण रु ३० लाख, धामिखोरे सखाङ् लाखोर मोटर बाटोका लागि रु १५ लाख, नारवाङ् पोखरा मोटर बाटो निर्माण योजना रु १० लाख, मावाङ् मेहलधारा मोटरबाटो का लागि रु १५ लाख, सिउरी राङ्ग्री मोटरबाटो का लागि रु १५ लाख, चौवारी कुइपाधारा आवि अधुरो भवन रु १० लाख, मेलधारा मावि फिल्ड निर्माणका लागि रु १० लाख विनियोजन गरेको छ । अन्य थप योजना निर्माणको लागि रु ६३ लाख विनियोजन गरेको छ । जुन विनियोजन विद्येयक सँगै पेश गरेको छ ।

गाउँपालिकाभित्रका सडकहरुको नियमित  मर्मत तथा सम्भार तथा स्तरोन्नति गर्नको लागि रु १० लाख बिनियोजन गरेको छ ।

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने गरी  रु ४० लाख  बिनियोजन गरेको छ ।एक  झोलुङ्गे पुल  एक संरक्षकको ब्यबस्था गर्न आबश्यक बजेट छुट्याएको छ ।

## बाताबरण, जलबायु परिवर्तन र विपद् ब्यवस्थापन

विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र पुनः स्थापना तथा पुनर्लाभका कार्यहरु सञ्चालन तथा ब्यबस्थापन का साथै विपद सामग्री खरीद तथा वितरण गर्नका लागि जम्मा रु १५ लाख बजेट बिनियोजन गरेको छ ।

गाउँपालिकामा जीविकोपार्जन,खानेपानी योजना, जलवायु परिवर्तन अनुकुलन र सुधारीएको चुलो लगायतका कार्यक्रमहरु आइ एन एफ नेपाल रोल्पा शाखाको बजेटबाट  कार्यन्वयन हुने गरी रु ५३ लाख ३० हजार ४ सय ४५ रुपैया बजेटमा समावेश गरेको छ ।

**बन,वाताबरण र जलवायु अनुकुलनका कार्यक्रमहरु वडास्तरमा सञ्चालन गर्नको लागि आबश्यक बजेट ब्यबस्था मिलाएको छु ।**

**सार्वजनिक सेवा प्रवाह, सुशासन र संस्थागत विकास**

**सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग विस्तार र सुदृढीकरण गर्न गाउँपालिका र वडास्तरको सेवाप्रवाहमा गुणात्मक सुधार ल्याउनको लागि सूचना प्रविधि शाखाका लागि रु १० लाख बजेट बिनियोजन गरेको छु ।**

**भष्ट्राचार प्रति शुन्य सहनशीलताको नीति अपनाई उत्तरदायी र पारदर्शी सरकारको भावना अनुरुप सुशासनको प्रत्याभूति दिने गरी बजेट कार्यन्वयनको ब्यबस्था मिलाएको छु । राष्ट्रसेवक कर्मचारीहरुको मनोबलमा वृद्धि गरी सेवा प्रवाहमा सुधार ल्याउन स्थायी दरबन्दिमा कार्यरत कर्मचारी तथा शिक्षकहरुलाई संघीय सरकारकै सेवासुविधा कायम गर्ने सुनिश्चितता गरेको छु । भने करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा आवश्यकताको आधारमा सेवासुविधालाई समायोजन गरिनेछ ।**

**न्यायिक समितिको परिचालन तथा संचालन गर्नको लागि रु ९ लाख बजेट बिनियोजन गरेको छु ।**

**जनतासंग स्थानीय सरकारको अवधारणालाई मूर्त रुप दिन जनतासंग रेडियो कार्यक्रमलाई निरन्तरता दिएको छु ।**

**गाउँपालिका विकास योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन,मूल्याङ्कन र अवलोकन तथा निरीक्षण गर्नका लागि आबश्यक बजेटको ब्यबस्था गरेको छु ।**

**कार्यालय सञ्चालन र प्रशासनिक क्षेत्रका कार्यहरुको लागि रु १० करोड ७८ लाख ४६ हजार बजेट बिनियोजन गरेको छु ।**

***वडास्तरमा चालू र पूँजीगत सेवा र विकासका योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न रु ४५ लाखका दरले सबै वडाहरुलाई गरी कुल रु ३ करोड १५ लाख बिनियोजन गरेको छु ।***

**प्रस्तावित बजेटसँग सम्बन्धित अनुसूचीहरुमा विस्तृतमा समेटेको छु ।**

**सभाध्यक्ष महोदय,**

**अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनको लागि बजेट बिनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।**

**गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यन्वयन र अनिवार्य दायित्व भुक्तानीका लागि स्थानीय सञ्चित कोषबाट हुने व्ययभार तर्फ रु ४१ करोड ८३ लाख ७२ हजार बिनियोजन गरेको छु । कुल विनियोजित बजेट मध्ये चालु तर्फ रु ३२ करोड ७ लाख २७ हजार अर्थात ७६.६६ प्रतिशत र पुँजीगत तर्फ रु ९ करोड ७६ लाख ४५ हजार अर्थात २३.३३ प्रतिशत रहेको छ ।**

**आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये बैंक मौज्दात रु ७० लाख र आन्तरिक राजश्वबाट रु ५५ लाख गरी आन्तरिक श्रोत रु १ करोड २५ लाख, संघबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु १० करोड ९६ लाख ४१ हजार, संघबाट प्राप्त हुने समानीकरण अनुदान रु ८ करोड २४ लाख, लुम्बिनी प्रदेशबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु १ करोड ४१ हजार , लुम्बिनी प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान रु ५१ लाख ९१ हजार, संघबाट प्राप्त हुने शसर्त अनुदान चालू तर्फ रु १५ करोड ८३ लाख , शशर्त अनुदान पूँजीगत तर्फ रु ७० लाख, समपुरक अनुदान पूंजीगत रु २६ लाख र बिशेष अनुदान रु १ करोड ४० लाख साथै लुम्बिनी प्रदेशको शसर्त अनुदान पूँजीगत तर्फ रु ६० लाख, समपुरक अनुदान पूंजीगत तर्फ रु ७५ लाख र लुम्बिनी प्रदेश विशेष तर्फ रु २२ लाख प्राप्त हुने अनुमान गरेको छ ।**

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्ष २०८३/०८४ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।**

## राजश्व परिचालनको नीति तथा कार्यक्रम

राजश्व परामर्श समितिको परामर्श तथा सुझाव र राजश्व सुधार कार्ययोजना प्रतिवेदन २०८२ अनुसार राजश्वका नयाँ क्षेत्रको पहिचान गरी संकलन तथा दायरा विस्तार गर्ने व्यवस्था मिलाएको छु ।

करदाताको कर आफ्नै गाउँपालिकाको सेवा र विकासको लागि हो भन्ने मान्यतलाई आत्मसाथ गर्दै करदाता शिक्षा संचालन गर्ने ब्यवस्था मिलाएको छु ।

स्थानीय तहलाई नेपालको संविधान तथा कानूनबमोजिम प्राप्त कराधिकारका क्षेत्रहरुमा कर असुली गर्ने ब्यबस्था मिलाएको छु ।

सरकारी खर्चलाई विधिसम्मत र प्रभावकारी बनाई बेरुजु कायम नहुने गरी कार्यसम्पादन गर्न खर्च प्रणालीमा सुधार गर्ने र बेरुजु फछर्यौट कार्यलाई अभियानका रुपमा संचालन गरिने ब्यबस्था मिलाएको छु ।

आगामी आ.ब.मा कुल आन्तरिक राजश्व ५५ लाख संकलन हुने गरी कर संकलन कार्यलाई प्रभावकारी रुपमा लैजाने ब्यबस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

*"सुनौलो र सभ्य सुनछहरी, आत्मनिर्भर सुनछहरी"*सपनालाई साकार पार्न बजेटले लिएका उद्देश्य तथा प्राथमिकताहरु कार्यन्वयन भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुने विश्वास लिएको छु । बजेट निर्माणको क्रममा सुझाव तथा सल्लाह प्रदान गर्ने राजनीतिक दल, निवर्तमान जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र,नागरिक समाज, सञ्चार जगत, साझेदार संघ संस्था,बुद्विजीवी र स्वदेश तथा विदेशमा रहनुहुने आम सुनछहरी गाउँपालिकाबासी सबैलाई हार्दिक आभार र धन्यवाद प्रकट गर्दछु ।

**।।।।।धन्यवाद ।।।।**

**ननकला घर्ती**

**गाउँपालिका उपाध्यक्ष, सुनछहरी गाउँपालिका रोल्पा**